प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## विशेष मौका (आंशिक) परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी
## अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०८०।१०।१० गते)

यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा शैक्षिक सत्र २०७२/७३ (२०१५ इ.सं) सम्म रजिष्ट्रेशन कायम भएका डिप्लोमा तहका सेमेष्टर परीक्षा प्रणाली अन्तर्गतका प्रथम बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, दोश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड, तेश्रो बर्ष प्रथम खण्ड/दोश्रो खण्ड तथा बार्षिक परीक्षा प्रणाली अन्तर्गतका बिभिन्न कार्यक्रमहरुको प्रथम, दोश्रो र तेश्रो वर्षको अन्तिम परीक्षामा अनुत्तीर्ण भएका एवं प्रि-डिप्लोमा तहको हकमा शैक्षिक शत्र २०६५/०६६ देखि २०७४/०७५ सम्म (२०६५ साल देखि २०७४ साल सम्म/२०१७ इ.सं) सम्म रजिष्ट्रेशन कायम भई पाठ्यक्रमले निर्धारण गरेको समयावधि भित्र परीक्षा दिई अनुत्तीर्ण भएका विद्यार्थीहरुको **विशेष मौका (आंशिक) परीक्षा** काठमाण्डौ उपत्यकामा संचालन हुने भएकोले मिति **२०८० साल माघ २४ गते भित्र नियमित शुल्कमा र २०८० साल फागुन ३ गते भित्र विलम्व शुल्कमा** परीक्षा आवेदन फाराम भर्ने म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षण संस्थाहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराई परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। **साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।**

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको दुबै कान सहित अनुहार प्रष्ट देखिने पासपोर्ट साईजको फोटो टांसिएको हुनुपर्नेछ।

२. परीक्षा शुल्क डिप्लोमा/प्रमाणपत्र तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

३. परीक्षा शुल्क प्रि-डिप्लोमा तहको परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. २००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

४. परीक्षा आवेदन फारामसाथ **समष्टीगत फारामको प्रमाणित** Printed Copy एक प्रति प्रदेश कार्यालयमा ***र एक प्रति*** Soft Copy ***समेत*** **(Excel 7.0 मा)** प.नि.का.को इमेल diplomareg@gmail.com मा अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

५. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरु मात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन। आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण **(NQ)** परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो परीक्षा स्वतः रद्द हुने छ। तसर्थ परीक्षार्थीहरुको प्राप्तांक दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। परीक्षार्थीहरुको आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy **एक प्रति र** Soft Copy **मा** अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. अन्य संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ।

७. परीक्षा आवेदन फाराम परिषद्, परीक्षा नियन्त्रण कार्यालय तथा परिषद्का प्रदेश कार्यालयहरुबाट उपलव्ध हुनेछ। आवेदन फाराम व्यक्तिगत रुपमा बुझिने छैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनु पर्नेछ।

८. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षाको आवेदन फारामहरु **मिति २०८० साल माघ २८ गते भित्र नियमित शुल्कमा र २०८० साल फागुन ६ गते भित्र विलम्व शुल्कमा** परीक्षा आवेदन फाराम परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरुमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त भएका आवेदन फारामहरु माथी कुनै पनि कारवाही हुने छैन।

९. शिक्षण संस्थाहरुले सम्बन्धित परिषद्, प्रदेश कार्यालयको देहायको वैक खातामा रकम जम्मा गर्नुपर्नेछ :

(क)प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरीः रा.बा.बैङ्क, इटहरी शाखा, च.हि.नं. २५५०१०००१२७८००१

(ख)प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषाःरा.बा.बैङ्क, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१

(ग)प्रा.शि.व्या.ता.परिषद्,बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाःरा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं.१३००१००००३६६९००१

(घ)प्रा.शि.व्या.ता.परिषद्,गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.बा.बैङ्क, पार्दी, पोखरा शाखा, च.हि.नं.३५००१०००००२३४००१

(ङ)प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च. हि.नं. ३३६०१०००००३६१००१

(च)प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतः रा.बा.बैङ्क, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१

(छ)प्रा.शि.व्या.ता.परिषद्, सु.प. प्रदेश कार्यालय, धनगढी, कैलालीःरा.बा.बैङ्क, धनगढी शाखा,च.हि.नं. ४१७०१००००६५०८००१

शुल्क जम्मा गरेको सक्कल बैंक भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ।

१०. परीक्षार्थीहरुको Symbol No. परिषद्को वेवसाइट www.ctevtexam.org.np मा उल्लेख भए अनुसार हुनुपर्नेछ ***र*** Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रुपमा गरेको हुनुपर्नेछ।

११. कुनै कारणले शिक्षण संस्था बन्द भएको भए सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बिद्यार्थीले शर्तमा उल्लेखित प्रक्रिया गरी परीक्षा आवेदन फाराम बुझाउनु पर्नेछ।

१२. अन्य विस्तृत जानकारीको लागि www.ctevtexam.org.np र परिषद्का प्रदेश कार्यालयहरु वा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहोला।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**